## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधिको नाम “अस्थायी तथा सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७७” रहनेछ ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा :** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “अस्थायी सेवा प्रकृतिका प्राविधिक पद” भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) का पदहरु (१) कम्प्यूटर अपरेटर, (२) सहायक कम्प्युटर अपरेटर, (३) ईन्जिनीयर, (४) सव ईन्जिनीयर, (५) असिस्टेन्ट सव ईन्जिनीयर (६)अन्य प्राविधिक पदहरुलाई सम्झनु पर्छ ।

(ख) “अन्य सेवा करार प्रकृतिका पद” भन्नाले गाउँपालिकामा आवश्यक पर्ने पदहरु (नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, ईलेक्ट्रिसियन, चौकीदार/पाले, बगैंचे र सरसफाई सम्बन्धी कार्य गर्ने पद एवम् गाउँपालिका र यस अर्न्तगतका विषयगत कार्यालयहरुमा नेपाल सरकारका विविध निकायबाट समय समयमा प्राप्त निर्देशानुसार वा सशर्त अनुदानबाट बजेट वा सेवा सुविधा सुनिश्चितता सहित गाउँपालिकाले अत्यावश्यक ठहर गरी सेवा करारमा लिने निर्णय गरे अनुसारका पद, गाउँपालिका अर्न्तगतका स्वास्थ्य चौकीहरु समेतका पदलाई सम्झनु पर्छ ।

(ग) “कार्यापालिका” भन्नाले शिवालय गाउँपालिका सम्झनु पर्छ ।

(घ) “प्रमुख प्रशासकीय अधिकृत” भन्नाले शिवालय गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(ङ) “छनौट तथा सिफारिस समिति” भन्नाले अस्थायी, सेवा करारमा लिइने कर्मचारी छनौटका लागि दफा ४ अनुसार गाउँपालिकाबाट गठित समिति सम्झनु पर्छ ।

## परिच्छेद-२

## छनौट तथा सिफारिस समिति

४. **समितिको गठन :** गाउँपालिकाको मिति २०७७ असार २२ गतेको कार्यपालिका पचासौं बैठकको निर्णयानुसार अस्थायी तथा सेवा करार प्रकृतिका पद वा अन्य पदमा कर्मचारी छनौट गर्नका लागि देहाय बमोजिमको पदाभिकारीहरु रहने गरि ३ सदस्यीय एक छनौट समिति बुझिनेछ ।

| | | |
|---|---|---|
| (क) | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| (ख) | विषयगत शाखा प्रमुख | सदस्य |
| (ग) | अधिकृत छैंठौ | सदस्य सचिव |

५. **समितिको काम कर्तवय र अधिकार :** छनौट तथा सिफारिस समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) गाउँपालिकाको निर्णयानुसार गाउँसभाबाट सिर्जना गरिएका अस्थायी तथा सेवा करारका दरवन्दीहरुमा तोकिएका पद र संख्याका प्रतियोगितात्मक परिक्षा संचालनका लागि विज्ञापन गर्ने, परिक्षा मिति तोक्ने ।

(ख) विज्ञापनमा तोकिएको योग्यता पुगेका उम्मेदवारहरुलाई आवश्यकता अनुसार लिखित, प्रयोगात्मक तथा अर्न्तवार्ता, परिक्षा संचालन गर्ने

(ग) परिक्षामा उतीर्ण भएका उम्मेदवारहरु मध्ये योग्यताक्रम सुची प्रकाशित गर्ने । मुख्य उम्मेदवार र वैकल्पीक उम्मेदवारको सिफारिस गर्ने ।

(घ) समितिको समयावधि कार्यपालिकाले तोके अनुसार हुनेछ ।

## परिच्छेद-३

## संक्षिप्त कार्यसुचि प्रकाशन, परिक्षा, अर्न्तवार्ता तथा सिफारिस सम्बन्धी व्यवस्था

६. **उम्मेदवारको अंकभार सम्बन्धी विशेष व्यवस्था :**

(क) दफा ४ बमोजिम गठित समितिले दरखास्त दिने उम्मेदवारहरुको शैक्षिक योगग्यता, कार्य अनुभव, तालिम, स्थायी ठेगाना तथा सरकारी निकायमा कार्य गरेको अनुभव समेतका सुचकहरुका आधारमा विभिन्न पदका उम्मेदवारलाई अंकभार दिइनेछ ।

अनुसूची- ६

दफा ५(क)सँग सम्बन्धित

**सेवा करारका पदहरुको**

**प्रतियोगितात्मक परीक्षाको विज्ञापनको ढाँचा**

**सूचना नं..../०७७-७८**

शिवालय गाउँपालिका सिमा,जाजरकोटको छैंठौ गाउँसभाबाट स्वीकृत दरवन्दी अनुसारका तपसिलमा उल्लेखित पदहरुमा अस्थायी सेवामा कर्मचारी नियुक्ति गर्नुपर्ने भएकोले हाल गाउँपालिकामा विगत लामो समय देखि करार सेवामा कार्यरत कर्मचारीहरुका लागि दरखास्त आह्वान गरिन्छ ।

**१. गाउँ कार्यपालिकाको कार्यालय तर्फ अस्थायी सेवा प्रकृतिका पदहरुमा नियुक्ति गर्ने पदहरु :**

(क) सव ईन्जिनीयर (ख)कम्प्यूटर अपरेटर (ग) सहायक कम्प्यूटर अपरेटर (घ) असिस्टेन्ट सव ईन्जिनीयर (ङ) सवारी चालक, कार्यालय सहयोगी अन्य विविध

| **क्र.सं.** | **विज्ञापन नं.** | **समावेशी समूह** | **पद संख्या** |
|---|---|---|---|
| १. | १/०७७-७८ | आन्तरिक प्रतियोगिता | ८ |
| २. | २/०७७-७८ | आन्तरिक प्रतियोगिता | |
| ३ | ३/०७७-७८ | आन्तरिक प्रतियोगिता | |
| ४ | ४/०७७-७८ | आन्तरिक प्रतियोगिता | |
| ५ | ५/०७७-७८ | आन्तरिक प्रतियोगिता | हेभी तथा हलुका सवारी चालक |
| ६ | ६/०७७-७८ | आन्तरिक प्रतियोगिता | |
| **जम्मा** | | | |

(२) **गाउँपालिकाको कार्यालय तर्फ करार सेवा प्रकृतिका पदहरुमा नियूक्ति गर्ने पदहरु :** इलेक्ट्रीसियन, पलम्वर, पाले /चौकीदार, माली र स्वीपर

| **क्र.सं.** | **विज्ञापन नं.** | **पदको किसिम** | **पद संख्या** |
|---|---|---|---|
| १. | ७/०७७-७८ | इलेक्ट्रीसियन | |
| २. | ८/०७७-७८ | पलम्वर | |
| ४. | ९/०७७-७८ | पाले /चौकीदार | |
| ५. | १०/०७७-७८ | माली | |
| ६. | ११/०७७-७८ | स्वीपर | |
| **जम्मा** | | | |

**३. गाउँपालिका अन्तर्ग विभिन्न स्वास्थ्य चौकीहरुका लागि सेवा करारमा नियुक्ति गर्ने पदहरु : (क) अहेव,अनमी, ल्याब टेक्निसियन,कार्यालय सहयोगी**

| **क्र.सं.** | **विज्ञापन नं.** | **पदको किसिम** | **पद संख्या** |
|---|---|---|---|
| ९. | १०/०७४-७५ | अहेव | १ |
| १०. | ११/०७४-७५ | अनमी | ४ |
| ११. | १२/०७४-७५ | ल्याब टेक्निसियन | २ |
| १२. | १३/०७४-७५ | कार्यालय सहयोगी | ५ |
| **जम्मा पद** | | | **१४** |
| **कूल जम्मा पद** | | | **३७** |

**४. परीक्षाको किसिम**

(क) लिखित ,प्रयोगात्मक र अन्तरवार्ता

**५. परीक्षा केन्द्र :** गाउँ कार्यपालिकाको कार्यालय, सिमा जाजरकोट

**६. दरखास्त दस्तुर :** गाउँपालिकाले तोके अनुसार

**७. दरखास्त दस्तुर बुझाउने स्थान :** गाउँ कार्यपालिकाको कार्यालयको राजश्व शाखामा वा कार्यालयको सिभिल बैक लिमिटेड शिवालयमा रहेको सञ्चित कोष खाता नं. .........................................

**८. दरखास्त दस्तुर बुझाउने अवधि : १५ दिन**

**९. दरखास्तको माध्यम :**सिधै कार्यालयमा व्यक्ति स्वयं उपस्थित भई दरखास्त दिनुपर्नेछ ।

**१०. दरखास्तदिने अन्तिम मिति :** गाउँपालिकाले तोके अनुसार

**११. उम्मेदवारको उमेरको हद :** तोके बमोजिम हुनेछ ।

आज्ञाले,

**अनिल कुमार पाण्डे**

निमित्त प्रमुख प्रशासकीय अधिकृत